२०६५ साल माघ १५ गते रोज ४ का दिन १५.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्का निर्णय –

१. एकल खाता कोष प्रणाली लागु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१२५-०६५।१०।१२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ "निर्णय हुनुपर्ने व्यहोरा" अन्तर्गत रहेको "ललितपुर" भन्ने शब्द पछि "र भक्तपुर" भन्ने शब्द राखी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. दक्षिण एशिया उपक्षेत्रीय आर्थिक सहयोग अन्तर्गत सूचना राजमार्ग आयोजनाको नेपाल प्रभागका लागि अनुदान सहायता स्वीकार गर्ने विषयको अर्थ मन्त्रालयको नं. २।१२६-०६५।१०।१५ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. सार्क राष्ट्रका संसदीय व्यवस्था मन्त्रीहरुको सम्मेलनमा भाग लिन पठाउने (मा.मन्त्रीको नेतृत्वमा) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६२-०६५।१०।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. बहस भत्ता उपलब्ध गराउने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६३-०६५।१०।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने (निर्मला बस्नेत समेत १८ जनालाई) विषयको गृह मन्त्रालयको नं. ६।२२०-०६५।१०।१० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. संघसंस्था अनुदान खर्च गर्ने स्वीकृति प्रदान गर्ने विषयको युवा तथा खेलकूद मन्त्रालयको नं. ११क।३ - ०६५।१०।१२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

७. चन्द्रनिगाहापुर-हरिहरपुर ३३ के.भी. प्रसारण लाइनमा परेका रुखहरु हटाई वन क्षेत्रको जग्गाको भोगाधिकार उपलब्ध गराउने विषयको वन तथा भू-संरक्षण मन्त्रालयको नं. १३।४२-०६५।१०।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. छात्रवृत्ति सम्बन्धी (तेस्रो संशोधन) नियमावली, २०६५ स्वीकृति गर्ने विषयको शिक्षा मन्त्रालयको नं. १६।३६-०६५।१०।१३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. लिला बस्नेतका छोरा भूपिन बस्नेत र छोरी भावना बस्नेतलाई आर्थिक सहायता दिने स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको नं. २२।९१-०६५।१०।१२ को प्रस्ताव - लिला बस्नेतका छोरा भूपिन बस्नेत र छोरी भावना बस्नेतलाई उपचारका लागि पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. सम्माननीय प्रधानमन्त्रीबाट २०६५।१०।१२ गते गर्नुभएको सार्वजनिक सम्बोधनमा उल्लिखित विषयहरुको कार्ययोजना स्वीकृत गर्ने ।

११. सम्माननीय प्रधानमन्त्रीबाट २०६५।१०।१२ गते गर्नुभएको सार्वजनिक सम्बोधनमा उल्लेख भएबमोजिम प्रत्येक सरकारी कार्यालयका कर्मचारीहरुलाई दिनमा खाजा खाने समय १३.०० देखि १४.०० वजेसम्म तोक्ने ।

१२. मं.प.रा.नि.सि.स.बै.सं. ९।०६५ मिति २०६५।९।१७ को मन्त्रिपरिषद्, राजनैतिक नियुक्ति सिफारिश समितिबाट पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यहरुलाई "ऋण असुली न्यायाधिकरण पुनरावेदनका अध्यक्ष तथा सदस्यहरुले पाए सरहको पारिश्रमिक र सुविधा दिने" निर्णय भएकोमा सोको सट्टा देहायबमोजिमको पारिश्रमिक र सुविधा उपलब्ध गराउने -

(क) अध्यक्षलाई मासिक पारिश्रमिक रु.२५,०००।- र परिवहन सहित अन्य सुविधा वापत रु. १५,०००।-

(ख) सदस्यहरु प्रत्येकलाई मासिक पारिश्रमिक रु.२३,०००।- र परिवहन सहित अन्य सुविधा वापत रु. १२,०००।-

१३. सर्वोच्च अलदातका पूर्व न्यायाधिश लक्ष्मण अर्याललाई औषधोपचारका लागि दुई लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने ।

१४. युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठानको पत्रलाई दृष्टिगत गरी साहित्यकार अरुण मिश्रलाई औषधोपचारका लागि दुई लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने ।

१५. (क) हाल कैलाली जिल्ला धनगढी निवासी श्री वासुदेव पाण्डेयको निवेदनलाई दृष्टिगत गरी निजको छोरा दिनेश पाण्डेयको मृगौला उपचारका लागि पचहत्तर हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

(ख) कन्चनपुर जिल्ला श्रीपुर निवासी श्री तारा दत्त बडुको निवेदनलाई दृष्टिगत गरी निजको छोरी विना वडुको क्यान्सर रोगको उपचारका लागि पचहत्तर हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

१६. सर्लाही जिल्ला मलंगवा नगरपालिका निवासी मोहमद अख्तर मिगरानी हुसेनलाई उपचारका लागि सत्तरी हजार रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

१७. म.प.बै.सं. १८।०६५ मिति २०६५।५।१९ र मं.प.बै.सं. ३७।०६५ मिति २०६५।९।२३ को मन्त्रिपरिषद्को बैठकबाट अर्थ मन्त्रालयका वरिष्ठ आर्थिक सल्लाहकार प्रा.डा. श्रीराम पौडेललाई राज्यमन्त्री सरहको सुविधा उपलब्ध गराउने ।

१८. गरीबी निवारण कोष ऐन, २०६३ को दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यमा राष्ट्रिय योजना आयोगका पूर्व सदस्य श्री महेश्वरमान श्रेष्ठलाई तोक्ने ।

१९. चितवन जिल्लाको हिमालयन उच्च माध्यमिक विद्यालय, चम्पानगरको भवन निर्माणका लागि पाँच लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने ।

२०. भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री बाबुराम आचार्यलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिवमा र मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समितिका का.मु. संयोजक श्री केशवराज कणेललाई भूमिसुधार तथा व्यवस्था मन्त्रालयको का.मु. सचिवमा सरुवा गर्ने ।

२१. सार्वजनिक सेवालाई समानुपातिक समावेशी बनाउने नीति अनुरूप मधेशी समुदायभित्र रहेका विभिन्न जात जातिको पहिचान सहितको प्रतिवेदन पेश गर्न देहायबमोजिमको समिति गठन गर्ने-

| | |
|---|---|
| क. माननीय देवप्रसाद गुरुङ्ग, कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्री | - संयोजक |
| ख. माननीय राजेन्द्र महतो, वाणिज्य तथा आपूर्ति मन्त्री | - सदस्य |
| ग. माननीय पम्फा भुसाल, सामान्य प्रशासन मन्त्री | - सदस्य |
| घ. माननीय रेणुकुमारी यादव, शिक्षा मन्त्री | - सदस्य |
| ङ. माननीय रामचन्द्र झा, स्थानीय विकास मन्त्री | - सदस्य |

*द्रष्टव्यः निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*